## ● वस्तुगत प्रश्नोत्तर

**१. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरीवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश–२०७७ कहिले जारी भएको हो ?**

✍ विक्रम संवत् २०७७ असोज १२ गते ।
- काठमाडौँ उपत्यकाको शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका लागि गठित 'महानगरीय प्रहरी कार्यालय'को नाम 'सङ्घीय राजधानी प्रहरी' बनाइएको ।
- यसअघि महानगरीय प्रहरी कार्यालयलाई बागमती प्रदेश प्रहरीअन्तर्गत रहनेगरी व्यवस्था गरिएको थियो ।
- 'सङ्घीय राजधानी प्रहरी'को नेतृत्व प्रहरी नायव महानिरीक्षक (डीआईजी)बाट हुने व्यवस्था गरिएको ।
- अध्यादेश जारी भएसँगै उपत्यकाको सुरक्षा जिम्मेवारीसम्बन्धी विषय टुङ्गिएको छ । जसअनुसार मूल ऐनको दफा १० (क) थप गर्दै भनिएको छ, 'दफा ८ र ९ मा जुनसुकै कुरा लेखिएको भए पनि काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लामा प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकारको प्रयोग तथा प्रदेश प्रहरीले अनुसन्धान गर्ने कसुरको अनुसन्धानसमेत नेपाल प्रहरीले गर्नेछ ।'
- नेपाल प्रहरीबाट सम्पादन हुने कामका लागि उपत्यकाका तीनवटै जिल्लामा नेपाल प्रहरीअन्तर्गतका प्रहरी कार्यालय रहनेछन् । यस्तै, अध्यादेशले नेपाल प्रहरीले अनुसन्धान गर्ने सूचीबाट अध्यागमनसम्बन्धी कसुर हटाएको छ ।
- महानगरीय प्रहरी सेवाअन्तर्गत अन्तर्राष्ट्रिय विमानस्थल प्रहरी कार्यालय, ट्राफिक महाशाखा, अपराध महाशाखा तथा जिल्लामा तीनवटा परिसरलगायतका कार्यालय रहेका थिए ।

**२. दशकौँ पुरानो सीमा विवादलाई लिई आर्मेनिया र अजरवैजानबीच पुनः युद्धको सुरुवात कहिले भयो ?**

✍ सन् २०२० सेप्टेम्बर २७ ।
- यी दुई पूर्व सोभियत गणराज्य विवादित नागोर्नो काराबाखलाई लिएर फेरि एकपटक युद्धको मैदानमा उत्रेका ।
- चार हजार ४ सय वर्गकिलोमिटरमा फैलिएको यो क्षेत्रमा आर्मेनियाली इसाई र मुस्लिम तुर्केली रहेका । अन्तर्राष्ट्रियस्तरमा यो अजरवैजानकै हिस्साका रूपमा लिइन्छ । तर, त्यहाँका बहुसङ्ख्यक आवादी आर्मेनियाली छन् । सन् १९८० को दशकको अन्त्यतिर सुरु भएर १९९० को दशकसम्म चलेको युद्धमा ३० हजारभन्दा बढीको मृत्यु भएको थियो भने १० लाखभन्दा बढी विस्थापित भएका छन् । यस युद्धमा पृथकतावादीले नागोर्नो काराबाखका केही भू–भागमाथि कब्जा गरेको थियो । यद्यपि, सन् १९९४ मा युद्धविरामपछि पनि यस क्षेत्रमा गतिरोध भने जारी छ ।

**३. तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश–२०७७ कहिले जारी गरिएको हो ?**

✍ विसं २०७७ असोज १२ ।
- अध्यादेशमा एसिड आक्रमण गरेमा २० वर्षसम्म कैद सजायँसहितका प्रावधान रहेका ।
- एसिड आक्रमण गर्नेको सम्पत्ति रोक्का गरेर पीडितलाई तुरुन्तै क्षतिपूर्ति उपलब्ध गराउने एवम् अनुहार, आँखा, नाक, कान, घाँटी तथा संवेदनशील अङ्गमा क्षति पुगेमा पीडकलाई २० वर्षसम्म कैद सजायँको व्यवस्था अध्यादेशमा रहेको ।
- शरीरको कुनै पनि भागमा एसिड परेमात्रै पनि १० वर्ष सजायँ भुक्तान गर्नुपर्ने व्यवस्था अध्यादेशमा रहेको ।
- एसिड बिक्रीका लागि जिल्ला प्रशासन कार्यालयबाट अनुमतिपत्र लिनुपर्ने, हरेक वर्ष अनुमतिपत्र नवीकरण गर्नुपर्ने, अन्य पेयपदार्थको बोतलमा एसिड राख्न नपाइने व्यवस्था पनि अध्यादेशमा रहेको । सिल गरिएको बोतलमा मात्र एसिड बेच्न पाइने र खुला रूपमा बिक्री–वितरण पूर्ण बन्देज गर्ने अध्यादेशले व्यवस्था गरेको ।
- बिक्रेताले आफूले ल्याएको एसिडको परिमाण खुल्ने परिचयपत्रको फाटोकपीसमेत राख्नुपर्ने, एसिड आक्रमण गर्नेको सजायँ मिनाहा गर्न नपाइने, एसिड आक्रमणका मुद्दालाई अदालतले प्राथमिकतामा राखेर किराना लगाउनुपर्ने, आक्रमणकारीबाट उपचार खर्च गराउनुपर्ने, जरिवानाबापतको रकम अदालतबाट फैसला भएको मितिले ३५ दिनभित्र दाखिला नगरे अपराधीको सम्पत्तिबाट असुल गर्नुपर्ने व्यवस्था अध्यादेशमा रहेको ।

**४. पोखरा विश्वविद्यालयको उपकुलपतिमा को नियुक्त हुनुभयो ?**

✍ प्रा.डा. प्रेमनारायण अर्याल (२०७७ असोज) ।

**५. अहिले सरकारले मुख्य सचिवमा कसलाई नियुक्त गरेको छ ?**



✍ शङ्करदास वैरागी
- २०७७ असोज १५ को मन्त्रिपरिषद् बैठकले वैरागीलाई मुख्य सचिवमा नियुक्त गरेको । उहाँ यसअघि परराष्ट्र सचिवमा कार्यरत रहनुभएको ।
- पर्वत जिल्लामा २०२३ सालमा जन्मनुभएका वैरागीले २०४४ सालमा नायव सुब्बाबाट परराष्ट्र सेवा सुरु गर्नुभएको ।

**६. प्रदेश १ मा सञ्चालनमा आएको पहिलो पाँचतारे होटल कुन हो ?**

✍ होटल मेची क्राउन ।
- (एसियाली राजमार्गमा जोडिएको नेपालको पूर्वी सीमा मेचीनगरमा पर्यटकलक्षित पाँचतारे होटल सञ्चालनमा आएको ।)

**७. नेपालमा विद्युतीय भुक्तानी प्रणालीको सुरुवात गर्ने पहिलो बैङ्क कुन हो ?**

✍ नबिल बैङ्क ।

**८. प्रकृति संरक्षण शिक्षालयको स्थापना कहाँ गरिएको छ ?**

✍ कसरा, चितवन ।

**९. मोबाइल उत्पादन गर्ने विश्वकै पहिलो कम्पनी कुन हो ?**

✍ मोटोरोला (अमेरिका), सन् १९७३ अप्रिल ।

**१०. साइकल सिटी घोषणा गरिएको नेपालको पहिलो नगर कुन हो ?**

✍ धरान (विसं २०६९ मङ्सिर १९) ।

**११. कुन पर्वत क्षेत्रलाई मोडदार पर्वत क्षेत्र भनी चिनिन्छ ?**

✍ महाभारत पर्वत ।

**१२. मोडदार पहाडको माथि उठेको भागलाई प्रतिनति भनिन्छ भने तल भासिएको भागलाई के भनिन्छ ?**

✍ सन्नति ।

**१३. मध्यकालमा सुदूरपश्चिममा बाईसे राज्यहरू थिए भने मध्यक्षेत्रमा कस्ता राज्य थिए ?**

✍ चौबीसे राज्य ।

**१४. राम र सीताबीच कस्तो विवाह भएको थियो ?**

✍ पराक्रम विवाह ।

**१५. प्राचीनकालको 'रामचरित्र मानस' र आधुनिककालको 'कृष्णायन' कुन भाषाका प्रसिद्ध महाकाव्य हुन् ?**

✍ अवधि ।

**१६. अन्तर्राष्ट्रिय न्यायालयमा कतिजना न्यायाधीशहरू रहने व्यवस्था छ ?**

✍ १५ जना ।

**१७. आनुवंशिक स्रोतमा पहुँच तथा तिनको उपयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँडसम्बन्धी नायोगा अभिसन्धिमा कहिले हस्ताक्षर भएको हो ?**

✍ सन् २०१० अक्टोबर २९ (जापानको नायोगामा) ।
- नायोगा अभिसन्धि सन् २०१४ अक्टोबर १२ देखि कार्यान्वयनमा आएको ।
- यो सन्धिलाई नेपालले सन् २०१७ सेप्टेम्बर ४ मा अनुमोदन गरेको । सन्धि अनुमोदन गर्ने नेपाल १०१औँ राष्ट्र भएको ।

**१८. कुनै सैनिक गुटमा आबद्ध नभई, अन्तर्राष्ट्रिय शान्तिको मान्यतालाई आत्मसात् गरी तटस्थ रहने नीतिलाई के भनिन्छ ?**

✍ असंलग्न नीति ।

**१९. नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार सबैभन्दा बढी जनसङ्ख्या भएका पाँच सहर कुन–कुन हुन् ?**

✍ क्रमशः काठमाडौँ, पोखरा, ललितपुर, विराटनगर र भरतपुर ।

**२०. नाइजेरियामा गएको एक दशकमा आतङ्कवादी गतिविधिका कारण कति नागरिक बेपत्ता भए ?**

✍ २२ हजार ।
- एक दशकअघि आतङ्कवादी सङ्गठन बोकोहरामले आक्रमण सुरु गरेदेखि हालसम्म करिब २२ हजार नाइजेरियाली नागरिक बेपत्ता भएका ।
- अन्तर्राष्ट्रिय रेडक्रस (आईसीआरसी)ले सन् २०१९ सेप्टेम्बर १२ मा सार्वजनिक गरेको प्रतिवेदनमा यो तथ्य उजागर भएको । यति ठूलो सङ्ख्यामा बेपत्ता नागरिकको सूची सार्वजनिक भएको यो पहिलो हो ।
- सन् २००९ देखि नाइजेरियामा बोकोहरामले सशस्त्र हिंसात्मक आन्दोलन चलाएको छ, जसकारण २७ हजारको मृत्यु भइसकेको छ भने करिब २० लाख मानिस विस्थापित भएका छन् ।

**२१. नेपाल भाषाका महाकवि भनी कसलाई चिनिन्छ ?**




✍ सिद्धिदास अमात्य ।
- (कवि व्यक्तित्वका साथै एक उच्चकोटिका विचारकका रूपमा समेत चिनिने महाकवि सिद्धिदासको २०७७ भदौ ३० मा १५३औँ जन्मजयन्ती मनाइएको । सिद्धि रामायण, सज्जन हृदयाभरनलगायतका महाकाव्यका सर्जक सिद्धिदासका ५० वटाभन्दा बढी कृति प्रकाशित भएका ।)

**२२. नेपालको नयाँ राष्ट्रिय स्वास्थ्य नीति कहिले सार्वजनिक भयो ?**

✍ विसं २०७६ असार १६ गते ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसङ्ख्या, भूगोल र सङ्घीय संरचनाअनुसार दक्ष जनशक्तिको विकास तथा विस्तार गर्ने उद्देश्यसाथ यो नीति ल्याइएको ।
- यो नीति स्वास्थ्य प्रणालीको विकासको मार्गचित्रका रूपमा रहेको ।

**२३. लोकसेवा आयोगले कहिलेबाट लागू हुनेगरी अप्राविधिक तर्फका राजपत्रअनङ्कित प्रथम श्रेणी (नायव सुब्बा) र द्वितीय श्रेणी (खरिदार) पदका लागि प्रवेश परीक्षाको व्यवस्था गरेको हो ?**

✍ आर्थिक वर्ष २०७२/०७३ ।
- (लोकसेवा आयोगले हाल राजपत्राङ्कित तृतीय श्रेणी अर्थात् शाखा अधिकृत (अप्राविधिक) पदका लागि दुई चरणमा परीक्षा सञ्चालन गर्दै आएको छ ।)

**२४. नेपाल सरकारद्वारा 'हेलो स्वास्थ्य' कार्यक्रम कहिलेदेखि सुरु गरिएको हो ?**

✍ विसं २०६९ कात्तिक २९ गते ।

**२५. सार्क राष्ट्रहरूमध्ये आफ्ना नागरिकलाई ई–पासपोर्ट उपलब्ध गराउने पहिलो राष्ट्र कुन हो ?**

✍ माल्दिभ्स (सन् २००७) ।

**२६. भारतको सुनौलीदेखि कालीगण्डकी हुँदै कोरला नाकामार्फत चीन जोड्ने मार्ग कालीगण्डकी करिडोरको लम्बाइ कति छ ?**

✍ ४३५ किलोमिटर ।
- (करिडोर निर्माणले नेपाललाई दुवै छिमेकी देश भारत, चीन तथा तेस्रो देशसँग व्यापार विस्तारमा सहयोग पुग्ने विश्वास गरिएको ।)

**२७. मुलुकबाट सबै प्रकारका बालश्रम अन्त्य गरी बालश्रमरहित राष्ट्र बनाउने उद्देश्यअनुरूप बालश्रम निवारण राष्ट्रिय गुरुयोजना (२०७५–२०८५) कहिलेदेखि लागू गरिएको छ ?**

✍ विसं २०७५ साउन १ ।
- विसं २०७५ असार २४ को मन्त्रिपरिषद्ले स्वीकृत गरी साउन १ देखि लागू भएको यो गुरुयोजनाले विसं २०७९ सम्ममा अमर्यादित र निकृष्ट बालश्रम र योजना अवधिमा सबै प्रकारका बालश्रम अन्त्य गर्ने लक्ष्य लिएको छ ।'

**२८. 'विजार्ड अफ नर्थ' भनी क्यानडाका सर वाल्टर स्कटलाई चिनिन्छ भने 'अङ्कल हो' भनी कसलाई चिनिन्छ ?**


हो चि मिन्ह

✍ हो चि मिन्ह (भियतनाम) ।

**२९. नेपालमा पहिलोपटक 'टेस्टट्युब' प्रविधिबाट शिशुको जन्म कहिले भयो ?**

✍ विसं २०६१ फागुन २० (ओम हस्पिटल) ।
- (नेपालका प्रथम 'टेस्टट्युब बेबी' ओममणि तामाङ हुन् ।
- 'आईभीएफ' प्रविधिबाट नेपालमा हालसम्म पाँच सयजना भन्दा बढी टेस्टट्युब बेबीको जन्म भइसकेको छ । यो प्रणालीअनुसार पुरुषको शुक्रकीट र महिलाको डिम्ब झिकेर टेस्टट्युबमा कृत्रिम गर्भाधान गराउने र भ्रुणको विकासपछि महिलाको पाठेघरमा राखेर सन्तान जन्माउने गरिन्छ । विश्वमा पहिलो टेस्टट्युब बेबी 'लुइस ब्राउन'को जन्म सन् १९७८ जुलाई २५ मा भएको थियो ।)

**३०. शक्ति संरक्षणको सिद्धान्त भन्नाले के बुझिन्छ ?**

✍ शक्तिलाई एक रूपबाट अर्को रूपमा परिवर्तन गर्न सकिने तर उत्पन्न वा विनाश गर्न नसकिने । ■

**प्रस्तुतकर्ता : टङ्क केसी**

## ● विषयगत प्रश्नोत्तर

# सार्वजनिक सुनुवाइ




**१. सार्वजनिक सेवा प्रवाहमा सार्वजनिक सुनुवाइको महत्त्वबारे चर्चा गर्नुहोस् ।**

✍ सरकारले सर्वसाधारण नागरिकलाई वस्तु तथा सेवा–सुविधा उपलब्ध गराउने कार्य सार्वजनिक सेवा प्रवाह हो । यही सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, पारदर्शी एवम् सहज बनाउन सरकारी निकायका पदाधिकारी र सरोकारवाला सेवाग्राहीबीच छलफल गर्ने एवम् विचार आदान–प्रदान गर्ने कार्य सार्वजनिक सुनुवाइ हो । यो सेवाप्रदायक र सेवाग्राहीबीच हुने एक औपचारिक भेटघाट कार्यक्रम पनि हो । यस्तो कार्यक्रम सेवाग्राहीलाई अग्रिम सूचना गरी तोकिएको मिति, स्थान र समयमा हुने गर्छ । सार्वजनिक निकायद्वारा प्रदान गरिएका सेवा–सुविधासम्बन्धमा व्यापक छलफल गरी देखिएका कमीकमजोरी हटाई सेवा प्रवाहमा सुधार ल्याउन यसले सहयोग गर्छ । यो नै यसको सर्वोपरि **महत्त्व** हो । **यसको अरू थप महत्त्वलाई निम्नबुँदामा चर्चा गर्न सकिन्छ :**
- कार्यालयका कामकारबाहीबारे सेवाग्राहीलाई जानकारी हुने,
- कार्यालयका कामकारबाहीबारे छलफल हुने, सवल एवम् कमजोर पक्ष पत्ता लगाउन सकिने र सोहीअनुसारका सल्लाह सुझाव प्राप्त हुने,
- सरकारी निकायका कामकारबाहीलाई जनमुखी, पारदर्शी एवम् कानुनसम्मत बनाउन सहयोग पुग्ने,
- जनगुनासो सम्बोधन गर्न सकिने हुँदा सेवाग्राहीसँग असल सम्बन्ध बढ्ने, समन्वय तथा सञ्चारको पक्ष बलियो हुने,
- सार्वजनिक विकास निर्माण एवम् सरसफाइ कार्यमा जनताको सहभागिता जुटाउन सहयोग पुग्ने,
- सार्वजनिक निकायका पदाधिकारीहरूमा जिम्मेवारी एवम् जवाफदेहिता बढ्ने,
- सार्वजनिक सेवा प्रवाहमा लाग्ने समय, लागत कम गर्न तथा गुणस्तर बढाउन सहयोग पुग्ने ।

**२. मद्यपान भनेको के हो ? यसबाट समाजमा पर्ने असरबारे उल्लेख गर्नुहोस् ।**

✍ जाँड, रक्सी, वाइन, बियर, ह्वीस्कीजस्ता मदिराको सेवन गर्ने कार्यलाई मद्यपान भनिन्छ । यो अल्कोहलयुक्त तरल पदार्थको सेवन हो । मदिरा स्वास्थ्यका लागि हानिकारक भए पनि मानिसले यसलाई धर्मको नाममा, भोजको बहानामा र साथीहरूको जमघटमा प्रयोग गर्ने गरेको पाइन्छ ।

● **समाजमा पर्ने असर**
- मदिराको सेवनले स्वास्थ्यमा नकारात्मक प्रभाव पर्छ । मदिराले मानिसको कलेजो सुनिने, उच्च रक्तचाप हुने, मस्तिष्कघात हुने, शरीरका अङ्गमा क्यान्सर हुनेजस्ता स्वास्थ्य समस्या ल्याउने गर्छ । मदिराको लतले व्यक्ति दुर्व्यसनी बन्छ । दैनिक मदिरा सेवन गर्न पैसाको अभावमा मानिस अपराधमा संलग्न हुन्छ । सामाजिक अपराध चोरी, डकैती, व्यक्तिहत्या, घरेलु हिंसाजस्ता घटना बढाउन मदिराले सहयोग गर्छ । घरपरिवारमा झगडा बढाउँछ, समाजको एक व्यक्ति र अर्को व्यक्तिबीच दुस्मनी गराउँछ । मदिराले व्यक्ति र समाज सबैलाई हानि गर्छ ।

**३. नेपाल सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी नहुनुका प्रमुख कारण र समस्या पहिचान गरी सार्वजनिक खर्च व्यवस्थापन प्रणालीमा आवश्यक सुधार गर्न के–कस्तो नियमनकारी व्यवस्था, कार्यविधि र प्रणालीको विकास गर्नुपर्ने आवश्यकता रहेको देख्नुहुन्छ र तिनको जिम्मेवारी कुन–कुन निकायले कसरी निर्वाह गर्नुपर्छ ?**

✍ सरकारी खर्चमा मितव्ययिता, कार्यदक्षता एवम् प्रभावकारिता ल्याई खर्चलाई उपलब्धिमूलक बनाउने कार्य खर्च व्यवस्थापन हो । नेपालमा खर्च व्यवस्थानलाई व्यवस्थित गर्न नीतिगत, कानुनी, संस्थागत एवम् प्रक्रियागत व्यवस्था गरिए पनि यो त्यति व्यवस्थित भएको पाइँदैन । यसो हुनुका प्रमुख कारण, समस्यालगायत अन्य पक्षलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

● **प्रमुख कारण :**
- खर्च गर्ने जिम्मेवार व्यक्तिले खर्चको उत्तरदायित्व नलिनु,
- बजेट खर्च अपारदर्शी, अदूरदर्शी एवम् अपव्यय हुनु,
- बजेट विनियोजन कुशलता र खर्च गर्ने क्षमता कमजोर हुनु,
- आर्थिक वर्षको अन्त्यमा बजेट रकमान्तर गर्नु,
- आर्थिक, सामाजिक एवम् पुँजी निर्माणका क्षेत्रमा सरकारी खर्च केन्द्रित नहुनु ।

● **समस्याहरू**
- चालु खर्चको तुलनामा पुँजीगत खर्च बढ्न नसक्नु,
- आर्थिक अनुशासनको पालना कमजोर हुनु,
- निर्धारित समय, लगन, परिमाण र गुणस्तरमा आयोजना सम्पन्न हुन नसक्नु,
- विस्तृत अध्ययन नै नगरी आयोजना छनोट हुनु,
- सार्वजनिक खर्च प्रणाली प्रदेश र स्थानीय तहसम्म संस्थागत हुन नसक्नु,
- तीन तहको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहनु,
- बजेट/कार्यक्रम/आयोजना तर्जुमा र कार्यान्वयन गर्ने कर्मचारी जिम्मेवार एवम् उत्प्रेरित हुन नसक्नु,
- सरकारी अनुदान, सहायता र क्षतिपूर्ति व्यवस्था व्यवस्थित नहुनु,
- सार्वजनिक संस्थान निजीकरण कार्य प्रभावकारी नहुनु,
- सरकारी खर्चको मापन र अनुगमन प्रणाली कमजोर रहनु,
- बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदन कार्यमा तीन तहका सरकारबीच कार्यात्मक समन्वय तथा एकरूपता हुन नसक्नु ।

● **सार्वजनिक खर्च व्यवस्थापन प्रणालीमा गर्नुपर्ने आवश्यक सुधार**

(१) **नियमनकारी व्यवस्था**
- चालु खर्चको मापदण्ड तय गरी वाञ्छित सीमाभित्र राख्ने,
- पुँजीगत खर्चलाई उच्च र गुणस्तरयुक्त बनाउने,
- खर्च गर्ने व्यक्तिले नै खर्चको उत्तरदायित्व लिनुपर्ने व्यवस्था गर्ने,
- विस्तृत अध्ययन, आर्थिक एवम् सामाजिक लाभ लागत विश्लेषण गरेरमात्र आयोजना छनोट गर्ने,
- गैरबजेटरी खर्चलाई पूर्ण रूपमा अन्त्य गर्ने,
- आर्थिक वर्षको अन्त्यमा बजेट रकमान्तर गर्ने व्यवस्थाको अन्त्य गर्ने,
- आन्तरिक नियन्त्रण प्रणालीलाई तीन तहका सबै सरकारले प्रभावकारी बनाउने,

(२) **कार्यविधिगत विकास**
- सरकारी अनुदान, सहायता र क्षतिपूर्ति वितरणमा मापदण्ड तयार गरी एकद्वार प्रणालीमार्फत वितरण गर्ने,
- आयोजना व्यवस्थापन निर्देशिका तयार गरी तीन तहका सरकारमा लागू गर्ने,
- सरकारी भुक्तानीलाई पूर्ण रूपमा विद्युतीय प्रणालीमा आधारित बनाउने,
- सरकारी आय र व्ययको पूर्ण जानकारी विद्युतीय माध्यमद्वारा सार्वजनिक गर्ने व्यवस्था गर्ने,
- सरकारी खर्चको मापन र अनुगमनमा कार्यविधि तयार गरी तीन तहको सरकारमा लागू गर्ने,
- सार्वजनिक संस्थान निजीकरणमा आवश्यक कार्यविधि एवम् मापदण्ड तयार गरी निजीकरण कार्यलाई थप प्रभावकारी बनाउने,

(३) **प्रणालीको विकास**
- तीन तहको अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन विस्तृत आधार, मापदण्ड र एकीकृत ढाँचा तयार गर्ने,
- तीन तहका सरकारबीच सहलगानी र द्विपक्षीय लगानी सम्झौता ढाँचा तयार गरी लागू गर्ने,
- बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदन कार्यमा तीन तहका सरकारबीच समन्वय एवम् एकरूपता कायम गर्न सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने,
- सार्वजनिक खर्च व्यवस्थित गर्न सङ्घ, प्रदेश र स्थानीय तहले एकीकृत प्रणाली विकास गर्ने,
- मध्यकालीन वित्तीय खाका, बजेट खाका र नतिजासहितको मध्यकालीन खर्च संरचनालाई तीन तहका सरकारले संस्थागत गर्ने ।

● **जिम्मेवारी लिनुपर्ने निकाय**

(१) **अर्थ मन्त्रालय**
- चालु खर्चको मापदण्ड तय गर्ने, वाञ्छित सीमाभित्र राख्ने,
- पुँजीगत खर्च वृद्धि गर्दै आर्थिक वर्षको सुरुदेखि नै पुँजीगत खर्च बढाउन विभिन्न प्रोत्साहन, सहुलियत र सुविधाको व्यवस्था गर्ने,
- सार्वजनिक संस्थान निजीकरण गर्न सरल प्रक्रिया तयार गर्ने,
- गैर'बजेटरी' खर्च अन्त्य गर्ने,
- आर्थिक वर्षको अन्त्यमा बजेट रकमान्तर नगर्ने,
- सरकारी अनुदान, सहायता र क्षतिपूर्तिको मापदण्ड तयार गरी तीन तहको सरकारसम्म लागू गराउने,

(२) **राष्ट्रिय योजना आयोग**
- विस्तृत अध्ययन, पर्याप्त छलफल एवम् लाभ लागत विश्लेषण गरी आयोजना छनोट गर्दै आयोजना बैङ्कलाई तीन तहका सरकारसम्म संस्थागत गराउने,
- आयोजना व्यवस्थापन निर्देशिका तयार गरी आयोजनामा सुशासन कायम गराउने,
- मध्यकालीन खर्च संरचनालाई सङ्घ, प्रदेश र स्थानीय तहसम्म संस्थागत गराउने ।

(३) **महालेखा नियन्त्रक कार्यालय**
- सरकारी सबै भुक्तानीलाई विद्युतीय माध्यमबाट गराउने,
- सरकारी आय र व्ययको यथार्थ सूचना विद्युतीय माध्यमबाट सार्वजनिक गराउने,
- तीन तहका सरकारको बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदनमा एकरूपता र समन्वय ल्याउन आवश्यक सूचना प्रविधिको विकास गर्ने, लागू गराउने,
- सरकारी कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मापदण्ड तयार गरी तीन तहको सरकारसम्म लागू गराउने,

(४) **जिल्लास्थित कोष तथा लेखा नियन्त्रण कार्यालय**
- आन्तरिक लेखा परीक्षण मासिक एवम् चौमासिक रूपमा गरी देखाएका कैफियत, त्रुटीहरू एवम् बेरुजु फछर्यौट गराउने,
- जिल्लास्थित सबै सरकारी कार्यालयको आय र व्ययलाई एकीकृत गरी एकरूपता र समन्वय कायम गर्ने, आय र व्ययको प्रतिवेदन प्रणालीलाई चुस्त बनाउने,

(५) **महालेखा परीक्षकको कार्यालय**
- चालु वर्षको आय र व्ययको लेखापरीक्षण चालु वर्षमा गरेर बेरुजु फछर्यौट गराउने,
- सरकारी आय र व्ययको सम्पूर्ण कार्यमा एकरूपता र समन्वय कायम गर्न आवश्यक नीतिगत, कानुनी, सुझाव एवम् निर्देशन दिने,
- बेरुजुको उठान र बैठानलाई कानुनी, तथ्यपरक एवम् यथार्थमूलक बनाउँदै सरकारी खर्चलाई नतिजामूलक बनाउने,
- कार्यमूलक लेखा परीक्षणमा जोड दिई, सरकारी खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने,
- सङ्घीय प्रणाली अनुकूलको साङ्गठनिक संरचना तय गरी प्रदेश र स्थानीय तहसम्म संस्थागत उपस्थिति बढाउँदै लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउने ।

(६) **सम्बन्धित कार्यालय**
- आर्थिक कार्यविधि ऐन नियमको पालना गर्दै सरकारी खर्च कार्यमा अनुशासन कायम गर्ने,
- सरकारी आय र व्ययको मासिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने, तालुक निकायमा पेस गर्ने,
- सरकारी आय र व्ययको समयमै आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण गराई देखिएका बेरुजुहरू समयमै फछर्यौट गर्ने,
- कार्यालय प्रमुख, लेखा प्रमुख र जिन्सी प्रमुखको कार्यमा आवश्यक समन्वय, सन्तुलन एवम् नियन्त्रण प्रणाली लागू गर्ने,
- अन्त्यमा, सरकारी खर्च जनताले तिरेको कर रकम भएकाले यसको खर्चमा मितव्ययिता, पारदर्शिता, प्रभावकारिता एवम् औचित्यपूर्ण हुनु आवश्यक छ । यसका लागि तीनै तहका सरकारले चालु खर्चलाई वाञ्छित सीमाभित्र ल्याई पुँजीगत खर्चलाई बढाउनुपर्छ । सरकारी खर्चलाई आर्थिक, सामाजिक एवम् पुँजी निर्माणमा बढी केन्द्रित गर्नुपर्छ । ■

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL